# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## गभर्नर डा. नेपालद्धारा शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेडको मर्जर पछिको एकिकृत कारोवारको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले बुटवलमा केन्द्रीय कार्यालय रहेको शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड र प्यूठान जिल्ला कार्यक्षेत्र बनाएको गौमुखी विकास बैंक लिमिटेडको मर्जर पछिको एकीकृत कारोवारको शुभारम्भ गर्नु भयो ।




उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुदै गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाको उपस्थितिले स्थानीय जनतामा आय आर्जनको अवसरको सृजना गरी रोजगारी तथा आयस्तरमा वृद्धि हुने बताउनु भयो । उहाँले नेपालको शहरी क्षेत्रहरुमा बैंक तथा वित्तीय संस्थाहरुको शाखा विस्तार तथा उपस्थिति राम्रो रहेको भएतापनि ग्रामीण क्षेत्रहरुमा अपेक्षाकृत रुपमा बैंक तथा वित्तीय संस्थाहरुको न्यून उपस्थितिको कारण अझै पनि ठूलै हिस्सा नेपालीहरु वित्तीय पहुँचबाट बाहिर रहेकोले गरिबी न्यूनीकरणमा अपेक्षाकृत रुपमा सफलता हासिल हुन नसकेको बताउनु भयो । वित्तीय पहुँच बहुसंख्यक जनतामा पुग्नु भनेको बचत, लगानी तथा उत्पादन र रोजगारी बढ्नु हो भन्नु हुदै त्यसबाट जनताको आयस्तर बढ्ने विचार समेत व्यक्त गर्नु भयो । नेपालका ग्रामीण क्षेत्रहरुमा साना कर्जाको उच्च माग रहेको बताउनु हुँदै गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाहरुले यी क्षेत्रहरुमा सुलभ कर्जा कार्यक्रम मार्फत आफ्नो उपस्थिति दर्शाउन आग्रह गर्नु भयो ।

नेपालको मध्यपश्चिम र सुदुरपश्चिमका ग्रामीण क्षेत्रहरुमा वित्तीय पहुँच अत्यन्त कम भएको अवस्थामा शाइन रेसुङ्गा डेभलपमेन्ट बैंकले ग्रामीण क्षेत्रमा सेवा पुऱ्याउदै आएकोमा खुशी व्यक्त गर्नु हुदै गभर्नर डा. नेपालले बैंकहरुलाई अझ ग्रामीणमुखी भएर सेवा प्रदान गर्न आग्रह गर्नु भयो ।

अन्तमा गभर्नर डा. नेपालले बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नु हुदै त्यस क्षेत्रको आर्थिक विकासमा बैंकले उच्च योगदान दिने विश्वास व्यक्त गर्नु भयो ।

२०७३ जेठ २९, शनिवार

गभर्नरको कार्यालय